**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 16.03.2025**

---

**Amit Saha- NE CM Meet**

केन्द्रिय गृहमन्त्री श्री अमित शाहले आज साँझ गुवाहाटीमा पूर्वोत्तर राज्यका मुख्यमन्त्रीहरूसित महत्त्वपूर्ण बैठक गरी तीन नयाँ आपाराधिक कानुनहरूको कार्यन्वयनको समीक्षा गर्नुभयो। गत वर्ष 1 जुलाईदेखि देशमा तीनवटा नयाँ आपाराधिक कानुनहरू भारतीय न्याय संहिता, भारतीय नागरिक सुरक्षा संहिता अनि भारतीय साक्ष्य अधिनियम लागू भएका हुन्। बैठकमा गृहमन्त्री श्री शाहले पूर्वोत्तर राज्यहरूमा यी नयाँ कानुनहरूको कार्यन्वयनको प्रगतिबारे समीक्षा गर्नुभयो।

बैठकमा सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, असमका मुख्यमन्त्री श्री हेमन्त विश्व शर्मालगायत मेघालय, मिजोरम, अरुणाचल प्रदेश, त्रिपुरा र नागाल्याण्डका मुख्यमन्त्रीहरूको उपस्थिति रहेको थियो।

बैठकमा सबै राज्यका मुख्यमन्त्रीहरूले तीनवटा नयाँ आपाराधिक कानुनहरूको कार्यन्वयनको प्रगति विषय प्रतिवेदन प्रस्तुत गर्नुभयो।

**Tourism Minister**

राज्यका पर्यटन एवम् नागरिक उड्डयन मन्त्री श्री छिरिङ टी भोटियाले आइतबार सोरेङ जिल्लाको दोदक वृद्धावनधाममा निर्माणाधिन कृष्ण मन्दिरको निरीक्षण गर्नुभयो।

यस अवसरमा उहाँसँग क्षेत्र विधायक एवम् विधानसभा अध्यक्ष श्री एमएन शेर्पा पनि उपस्थित हुनुहुन्थ्यो। पर्यटन मन्त्री श्री भोटियासित विभागका प्रधान सचिव श्री सी शुभाकर राव, प्रधान मुख्य अभियान्ता श्री निरज प्रधानलगायत अन्य सम्बन्धित अधिकारीहरू संलग्न थिए। भ्रमणको उद्देश्य परियोजनाको निर्माण कार्यको प्रगतिको जाँच तथा समयमा परियोजना पूरा होस् भन्ने सुनिश्चित गर्नु रहेको थियो।

**Mangan Accident**

शनिबार राति लगभग साढे नौ बजी मंगन फरेस्ट डाँडाको पाकसेपमा एउटा वाहन दुर्घटना हुँदा 10 जना पर्यटक घाइते भएका छन्। झारखण्डका विद्यार्थीलाई लिएर लाचुङबाट गान्तोकतर्फ आइरहेको एउटा वाहन अनियन्त्रित भएर सडकदेखि लगभग सय फुट तल झरेको थियो। घाइतेहरूलाई उपचारका लागि तत्काल मंगन र गान्तोक अस्पतालमा भर्ना गरिएको जानकारी प्राप्त भएको छ।

**Nepali Sahitya Parisad**

नेपाली साहित्य परिषद् सिक्किमको वार्षिक साधारण सभा आइतबार सरमसामा परिषद्का अध्यक्ष श्री हरि ढुङ्गेलको अध्यक्षतामा सम्पन्न भयो। सभामा विभिन्न प्रस्तावहरू ग्रहण गर्नका साथै नेपाली साहित्यका शिखर पुरुष एवम् पद्मश्री पुरस्कारले विभूषित साहित्यकार लीलबहादुर छेत्रीको निधनमा शोक प्रस्ताव ग्रहण गरिएको थियो।

**National Vaccination Day**

आज राष्ट्रिय टीकाकरण दिवस हो । टीकाकरणको महत्वबारे जनचेतना बढाउन प्रत्येक वर्ष १६ मार्चको दिन यो दिवस मनाइन्छ ।

स्वास्थ्य मन्त्रालयले देशका प्रत्येक बालकबालिकाको स्वास्थ्य सुरक्षाको लक्ष्य प्राप्त गर्न टीकाकरणलाई अनिवार्य गरिएको बताएको छ। मन्त्रालयले राज्य सरकारहरू र समर्पित अग्रपंक्तिका स्वास्थ्यकर्मीहरूसँगको सहकार्यमा बालकबालिकाको रोग प्रतिरोधात्मक क्षमता बढाउन प्रतिबद्ध रहेको बताएको छ।

पूर्ण टीकाकरण लक्ष्य प्राप्त गर्नका लागि सन् २०१४ मा मिशन इन्द्रधनुष सुरु गरिएको थियो। यसको उद्देश्य शिशु मृत्युदर घटाउनु र पूर्ण रूपमा टीकाकरणलाई प्रभावकारी बनाउनु रहेको छ।

**Weather Report**

स्थानीय मौसम विज्ञान विभागद्वारा जारी मासिक रिपोर्ट अनुसार सिक्किममा फरवरी महिनामा 137 दशमलव 4 मिलिमिटर वर्षा भएको रेकर्ड भएको छ जो सामान्य भन्दा 107 प्रतिशत धेरै रहेको छ। सामान्यतः फरवरी महिनामा सिक्किममा औसत 66 दशमलव 3 मिलिमिटर वर्ष हुने गर्दथ्यो। रिपोर्ट अनुसार सर्वाधिक वर्षा मंगन जिल्लामा भएको थियो भने सबैभन्दा कम वर्षा सोरेङ जिल्लामा दर्ता भएको थियो। राजधानी गान्तोकमा सबैभन्दा न्यानो दिन 26 फरवरीको दिन थियो भने सबैभन्दा जाडो रात 16 फरवरीमा दर्ता भएको थियो।

यसैबीच, बितेको चौबीस घण्टामा गान्तोक र वरिपरिको क्षेत्रमा अधिकतम तापक्रम **21 दशमलव 6** डिग्री सेल्सियस  र न्यूनतम तापक्रम **11 दशमलव 6** डिग्री सेल्सियस रेकर्ड गरियो।

**आकाशवाणी गान्तोकबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो।**